लिखु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
नुवाकोट

**आन्तरिक आयको ठेक्का बन्दोबस्त सम्बन्धी बोलपत्र आव्हानको सूचना**

**(प्रथम पटक प्रकाशित मिति: २०८३।०२।२८ )**

**आ.व. २०८३/०८४ को नदीजन्य पदार्थको संकलन तथा विक्रि कर एवं कवाडि तथा अन्य सामाग्रीहरुको निकासी कर उठाउने ठेक्का बन्दोबस्त सम्बन्धी बोलपत्र आव्हानको सूचना**

यस गाउँपालिकाको आन्तरिक आय संकलन गर्न कार्यालय, नुवाकोटले स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ११ को उपदफा (२) को घ (६), सार्वजनिक खरिद ऐन तथा नियमावली, लिखु गाउँपालिकाको राजस्व परामर्श समितिको मिति २०८३।०२।२१ को बैठकको सिफारिस एवं गाउँ कार्यपालिकाको मिति २०८३।०२।२२ को निर्णय बमोजिम आ.ब. २०८३/०८४ को लागि लिखु गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका तपशील बमोजिम लिखु र तादी नदीको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) मा उल्लेखित देहायको परिमाणको ढुङ्गा, बालुवा, रोडा, गिट्टी, ग्राभेल आदि नदीजन्य पदार्थहरुको संकलन तथा विक्री कर असूली सम्बन्धी कार्यहरु एवं कवाडी तथा अन्य वस्तुहरुको निकासी कर संकलन गर्नको लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक फर्महरुले यो सूचना प्रकाशित मितिले २२ औं दिन को १२:०० भित्र (मिति २०८३।०३।१८ भित्र) यस कार्यालयको कृषि विकास बैंक लि. छहरे शाखामा रहेको आन्तरीक राजस्व खाता नं. ०२२४८०१९४५१०८०१९ मा बोलपत्र दस्तुर वापतको रु ५०००।०० पाँच हजार(अक्षरेपी पाँच हजार मात्र) (फिर्ता नहुने गरी) नगद जम्मा गरेको भौचरको Scan कपी र चालु आ.व. सम्मको नविकरण भएको ईजाजतपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब. २०८१/०८२ को करचुक्ता प्रमाणपत्र सहित बोलपत्र फारम भरी २२ औं दिन (मिति २०८३।०३।१८) दिनको १२:०० बजेसम्म आफूले मु.अ.कर सहित कबोल गरेको अङ्कको ५% धरौटी रकम कृषि विकास बैंक लि. छहरे शाखामा रहेको धरौटी खाता नं. ०२२४८०१९४५१०८११६ मा नगदै दाखिला गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गको बाणिज्य बैंकहरुबाट जारी भएको १२० दिन म्याद भएको सक्कलै बैक ग्यारेन्टी (Bid Bond) संलग्न राखी सार्वजनिक खरिद अनुगमन कार्यालयको Website centralize EGP portal www.bolpatra.gov.np मार्फत पेश गर्न सकिनेछ । रीतपूर्वक पर्न आएका बोलपत्रहरु २२ औं दिन दिनको १:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आशिंक रुपमा स्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । अन्य विस्तृत जानकारीका लागि यस कार्यालयको सूचना पाटी, वेवसाइट: www.likhumunnuwakot.gov.np मा हेर्न सकिनेछ र कार्यालय समय भित्र आर्थिक प्रशासन तथा राजश्व शाखामा सम्पर्क राख्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशील

| ठेक्का नं. | विवरण (शीर्षक) | उत्खनन् परिमाण (क्यु फिट) | कूल न्यूनतम अङ्क (मु.अ.कर बाहेक) रु. | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|
| ०१/आन्तरिक आय/२०८३ /०८४ | नुवाकोट जिल्ला, लिखु गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका तादी र लिखु नदीहरुबाट संकलन र विक्री हुने ढुङ्गा, बालुवा, गिट्टी, ग्राभेल, स्लेट ढुङ्गा, आदि नदीजन्य पदार्थहरु र कवाडी एवं अन्य वस्तुमा कर असूल गर्ने<br>क. ढुंगा, गिटी, वालुवा, ग्राभेल संकलन र विक्री कर प्रति क्यु फिट रु ७।०० का दरले<br><br>ख. कवाडी तथा अन्य वस्तुमा निकासी कर रु ...........................<br>१. ब्लक प्रति गोटा रु ०।२५ (पचिस पैसा)<br>२. पानी प्रति लिटर रु ०।१५ (पन्ध्र पैसा)<br>३. पानी प्रति जार रु १।०० (एक रुपैयाँ)<br>४.माटो (स्वीकृत खानी क्षेत्र बाहेकमा) प्रति घ.फि रु ३।५० (तीन रुपयाँ पचास पैसा)<br>५. प्लाष्टिकजन्य पदार्थ प्रतिकेजी रु ०।०५ (पाँच पैसा)<br>६. फलाम प्रति केजी रु २।०० (दुई रुपैयाँ)<br>७. सिलौट, जस्ता प्रति केजी रु २।०० (दुई रुपैयाँ)<br>८. तामा, पित्तल प्रति केजी रु ३०।०० (तीस रुपैयाँ)<br>९. कागज प्रति केजी रु ०।२५ (पच्चीस पैसा)<br>१०. हाड, सिंग, खुर, प्वांख प्रति केजी रु २ (दुई रुपैयाँ)<br>११. इटा लोकल प्रति गोटा रु ०।१० (दस पैसा)<br>१२. इनारको रिंग प्रति गोटा रु ३।०० (तिन रुपैयाँ)<br>१३. मेशिनबाट उत्पादित इटा प्रति गोटा रु ०।२५ (पचिस पैसा) | २८८७४७३.०५२ | रु २०२१२३११।३६ ( अक्षरेपी दुई करोड दुई लाख बाह्र हजार तिन सय एघार रुपैया छत्तिस पैसा मात्र )<br><br>रु ३५०००००।०० (पैतिस लाख मात्र) | रु ५००० (पाँच हजार) |
| | कुल जम्मा | | रु २३७१२३११।३६ ( अक्षरेपी दुई करोड सैतिस लाख बाह्र हजार तिन सय एघार रुपैया छत्तिस पैसा मात्र ) | |

प्रमुख प्रशासकीय अधिकृत

शर्तहरु:

१. इच्छुक योग्यता पुगेका बोलपत्रदाताहरुले यो सूचना प्रकाशित भएको मितिले २२ औं दिनको १२:०० बजेसम्म e-Bidding मार्फत सार्वजनिक खरिद अनुगमन कार्यालयको Website centralize EGP portal www.bolpatra.gov.np मा Annex to Bidding data sheet for provision of e-bidding मा सबै कागजातहरु Scan गरि PDF format मा बोलपत्र पेश गर्न सकिनेछ ।

२. नेपाल सरकार, बागमती प्रदेश सरकार र लिखु गाउँपालिकाले समय समयमा दिएको निर्देशन बोलपत्रदाताले पालन गर्नु पर्नेछ ।

३. ठेकेदार र गाउँपालिका बीच ठेक्का शर्त सम्बन्धमा कुनै बिवाद उठेमा कार्यपालिकाको निर्णय अन्तिम र मान्य हुनेछ । यसमा ठेकेदारको कुनै उजुर लाग्ने छैन । बोलपत्र स्वीकृत भई सम्झौता हुँदा वातावरण संरक्षण ऐन, नियमावली लगायत प्रचलित ऐन नियम अनुसारका शर्त तथा बन्देज समेत पालन गर्नु पर्नेछ ।

४.बोलपत्रदाताले कबोल रकमको ३(तीन) किस्ता गरी गाँउपालिको कार्यालयलाई बुझाउनु पर्नेछ । ठेक्का स्वीकृत भएको ७ (सात) दिन भित्र ठेक्का सकार गर्ने फर्मले संझौता अगावै निजले सकार गरेको कबोल अंक (मु.अ.कर सहित) को संझौता अगावै प्रथम किस्ता वापदको ४० प्रतिशतले हुन आउने रकम नगदै दाखिला गर्नुपर्नेछ । बाँकी ६० प्रतिशत रकमको लागि २०८४ सालको साउन मसान्तसम्म म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गको वाणिज्य बैंकबाट जारी भएको बैंक जमानत पेश गरेपछि मात्र ठेक्का संझौता गरिनेछ । द्रोस्रो किस्ता वापदको ३० प्रतिशतले हुने रकम २०८३ पुस मसान्त र अन्तिम किस्ता वापदको ३० प्रतिशतले हुने रकम २०८४ बैशाख मसान्त भित्र बुझाउनु पर्नेछ ।

५. शर्त राखी पेश गरेको बोलपत्र माथि कुनै कारबाही गरिने छैन ।

६. ठेक्का सम्झौता रकममा कुनै पनि किसिमको मिनाहा वा छुट दावी गर्न पाइने छैन ।

७. नदी खोला वरपरका प्रत्यक्ष प्रभावित एवं गाउँपालिका भित्र बसोबास गर्ने नागरिकहरुले निर्माण गर्ने घरको लागि नदी किनारबाट मानिस आफैंले उत्खनन् गरी सिधै उपभोग गर्ने निर्माणमुखि बस्तुहरुमा कुनै पनि कर लिन पाइने छैन ।

८. बोलपत्र पेश गर्ने फर्म वा कम्पनीले आफ्नै नामको फर्मबाट पेश गर्नु पर्नेछ । अन्य कुनै फर्म वा कम्पनीको नामबाट पेश गरेको बोलपत्र मूल्यांकनमा समावेश गरिने छैन ।

९. ठेक्का अवधि गाउँपालिकासंग संझौता भएको मिति देखि २०८४ को आषाढ मसान्त सम्म रहनेछ ।

१०. यो सूचनामा उल्लेख भएकोमा यसै बमोजिम र उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ ,सार्वजनिक खरिद नियमाबली, २०६४, ढुङ्गा गिट्टी, बालुवा उत्खनन् , बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७, रकम र सरकारी ठेक्का बन्देबस्त ऐन, २०२० र नेपालको प्रचलित कानून बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत